आज मिति २०७५ साल असोज ५ गते शुक्रबार का दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको अध्यक्षतामा तपशिल महानुभावहरुको उपस्थितिमा नगरपालिकाको एकतिसौं बैठक बसियो ।

उपस्थिती :-

| सि.नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | उपस्थितको लागि मात्र |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री दिपकराज जोशी | | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सिंहराज श्रेष्ठ | | उपस्थितको लागि मात्र |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | उपस्थितको लागि मात्र |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री केशब बहादुर खत्री | उपस्थितिको लागी मात्र | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | उपस्थितिको लागि मात्र | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिब सुनुवार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्बती अधिकारी | | |
| २२. | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री कृष्ण प्रसाद सुबेदी | | |

**निर्णयहरु :-**

१.मनोहर तीर्थ स्थल व्यवस्थापन तथा संरक्षण समाज, वडा नं. ११ को पत्रानुसार जेष्ठ नागरिकहरुको मनोरंजनका लागि हारमुनियम र स्पिकरका लागि सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

२.टोखा नगरपालिका वडा नं. १ बस्ने कन्चन लामिछाने वर्ष १५ की घरबाट हराएको हुँदा सो खोजतलास गर्ने क्रममा खर्च भएको मध्ये रकम रु. ३०,०००।- उपलव्ध गराउने निर्णय गरियो ।

३. यस नगरपालिकामा कार्यरत कार्यालय सहायक श्री सिताराम अधिकारी मिति २०७५।०५।१७ गते अवकाश भएकोमा निजको अस्थायी करार नियुक्ति मिति २०५४/६/३० देखी २०६४/६/१९ सम्म १० बर्षको करार सेवा अबधिलाई ५० प्रतिशत मानी स्थायी सेवा अवधीमा थप गरी निजले पाउने उपदान एवं अन्य सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

४.यस टोखा नगरपालिका वडा नं. ८ बस्ने मेख कुमारी खरेलले स्वास्थ्य उपचारका लागि निवेदन दिएकोमा मिति २०७५।०२।२१ को नगर कार्यपालिकाको बैठकको निर्णय नं. ६ को "९" अनुसार रु. १०,०००।- दिने निर्णय गरिएकोमा सो रकम लिन निज असक्षम भएकोले सो रकम हाल उपलव्ध गराउने निर्णय गरियो ।

५. यस टोखा नगरपालिका वडा नं. ८ बस्ने इन्दिरा देवी थपलियाको मिति २०७५।०४।१२ को स्वास्थ्य परिक्षण पश्चात् देखिएको क्यान्सर रोग उपचारको लागि आर्थिक सहयोग स्वरुप रु. १०,०००।- उपलव्ध गराउने निर्णय गरियो ।

६. टोखा नगरपालिका वडा नं. १ मा रहेको महेलबोट वडा कार्यालय हुँदै बिडारी गाँउ जाने मोटरबाटोका लागि आ.व. २०७४/७५ को वडा स्तरबाट विनियोजन गरिएको प्राविधिक मूल्याङ्कन तथा बिल भर्पाई अनुसार रकम रु. ३,००,०००।- को भुक्तानी गर्ने निर्णय गरियो ।

७ टोखा नगरपालिका स्थित खरिबोट समुहले खरिद गरेको एक थान हार्मोनियम सम्बन्धित संस्थामा दाखिला गर्ने गरी बिल भपाई अनुसार रु. ३७,२३३।०० भुक्तानी गर्ने निर्णय गरियो ।

८. टोखा नगरपालिका वडा नं. ६ स्थित देवदास श्रेष्ठको घरको उत्तर पट्टी पहिरो जोखिममा परेकोले तत्काल जोखिम न्यूनिकरण गर्न वडा कार्यालयको सिफारिश पत्र तथा प्राविधिक मूल्यांकन बमोजिम रु. १,००,०००।- विपद् व्यवस्थापन कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।

९. यस नगरपालिका वडा नं. ९, १० र ११ ग्वंग: बुँ नेवा: पुच संस्थाबाट इन्द्रजात्राका लागि गणेश मन्दिर अगाडी समयवजी भोजन गराउन माग भए बमोजिम रु. ५० हजार रकम उपलव्ध गराउने निर्णय गरियो ।

१०. यस नगरपालिका वडा नं. ११ स्थित ब्रम्ह्कुमारी राजयोग भवन अगाडी ग्राबेल गर्ने कार्यको लागि प्राविधिक ल.ई. अनुसार पेश भएको रु. ४४,४५०।०७ टोखा ११ बस्ने टेक बहादुर मानन्धरलाई नगर स्तरीय बजेट सि.नं १५१ विपद् व्यवस्थापन कोषमा छुट्याएको रकम रु. ४० लाख मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो ।

११. यस नगरपालिका वडा नं. ८ स्थित वादोकाई भवन पछाडी भूक्षय रोकथामको लागि प्राबिधिक ल.ई. अनुसार पेश भएको रु. २४,९३२।०१ पंचकुमारी युवा क्लब वडा नं. ८ लाई नगर स्तरीय बजेट सि.नं. १५१ विपद् व्यवस्थापन कोषमा छुट्याएको रु. ४० लाख मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिका वडा नं ७ को सिफारिश पत्रानुसार आ.व. ०७४/७५ को स्वितकृत कार्यक्रम टोखा नगरमा पार्क निर्माणका लागि विनियोजित रकम रु. १०,००,०००।- मध्ये रु. ९,५५,०००।- बाट वडा कार्यालयको सिफारिश पत्र तथा प्राविधिक मूल्याङ्कन तथा बिल भर्पाइ बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

१३. विश्व साक्षरता दिवस तथा ३९ औं शिक्षा दिवसमा श्री मनोहर मा.वि. को पत्र साथ प्राप्त रकम रु. २०,०३५।- को बिल भरपाईको अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

१४. यस नगरपालिकाको आ.ब. २०७५/७६ को नगर सभाबाट स्वीकृत भएको योजना सम्बन्धित वडाको सिफारिश अनुसार देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

कार्यक्रम :- पूर्वाधार विकास कार्यक्रम अन्तर्गत

| क.स. | साविक योजना | संशोधन योजन |
|---|---|---|
| १. | प्रगति नगर टोल उपभोक्ता समिति | प्रगतिनगर टोल सुधार समिति |

१५. यस टोखा नगरपालिका वडा नं. ८ अन्तर्गत गैहीगाउँ पुलबाट रमण बस्ती सम्म सडक ग्राबेल गर्नका लागि विकास प्रेमी टोल विकास संस्थालाई मर्मत सम्भार कोषबाट ग्राबेल भई सकेको हुँदा रु. ६०,०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

१६. यस टोखा नगरपालिका वडा नं. ३ अन्तर्गत खुपाचा देखि कोहिटी हुँदै पालिख्यो जाने बाटोमा पानीको उचित व्यवस्थापन नभएको हुँदा साविक टोखा सरस्वती गा.वि.स. २ सि.नं. १०२०९०६-१६ कि.नं. २८२ मा बग्न गई सो जग्गामा पहिरो गई कि.नं. २२८ मा बनेको घर र पर्खाल क्षति पुगेको हुँदा भूक्षय रोकथामका लागि प्राविधिक मूल्यांकन अनुसार विपद् व्यवस्थापन कोषमा छुट्याएको रु. ४० लाख मध्येबाट रु. २ लाख रकम उपलव्ध गराउने निर्णय गरियो

१७. विभिन्न वडामा कार्यरत सामाजिक परिचालकहरुको मासिक तलब अत्यन्त न्यून भएकोले निजहरुलाई रु. ६,०००।- थप गरी मासिक पारिश्रमिक रु. १८,०००।- कायम गर्ने निर्णय गरियो ।

१८. यस टोखा नगरपालिका वडा नं. ३ स्थित धमलटार सिसिकोटमा बाटो मर्मत गरी ग्राभेल गर्नको लागि खर्च भएको रकम रु. ३०,०००।- मर्मत संभार कोषबाट भुक्तानी भएकोमा सो खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

१९. यस टोखा नगरपालिका वडा नं. ४,५,६ र ७ को मूलबाटोको माथि तथा किनाराको माटो सरसफाई गरेको कामका लागि मर्मत सम्भार कोषबाट रु. ३१,७००।- खर्च भएकोमा सो खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

२०. यस टोखा नगरपालिका वडा नं. ५ मा २०७५।०४।२८ गएको वर्षाको कारण पहिरो गएकोमा पहिरो हटाउन विपद व्यवस्थापन कोषबाट रु. २४,७६७ खर्च भएकोमा सो खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

२१. यस टोखा नगरपलिका वडा नं. १ अवस्थित मालुङ्ग देखि गणेश खोला सानु भाईको चोक सम्म ग्राभेल तथा बाटो मर्मत सम्भार गर्नका लागि रु. २,००,०००।- रकम उपलव्ध गराउने निर्णय गरियो ।

२२. यस टोखा नगरपालिका वडा नं. ११ स्थित बानियाटार पूलबाट फलोसेन्ट स्कुल र कुमारी गल्लीमा बाटो मर्मतका लागि रु. १,००,०००।- रकम उपलव्धगर्ने निर्णय गरियो ।

२३. यस टोखा नगरपालिका वडा नं. ११ मा ट्रस्ट राखिएकोमारु. ३६,८५६ बिल भर्पाइ अनुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

२४. महिलाहरुको महान पर्व तीज २०७५ को उपलक्ष्यमा यस नगरपालिकाद्धारा आयोजना गरेको तीज कार्यक्रममा खर्च भएको खर्च रकम रु. २३१९९०।९१ भुक्तानी गर्ने निर्णय गरियो ।

२५. पशु सेवा शाखाको आ.व. ०७५/०७६ को प्रथम चौमासिकको स्वीकृत कायकममा देहाय बमोजिम कार्यकम संशोधन गरियो ।

| क.सं | साविक कार्यकम विवरण | संशोधित कार्यकम | कैफियत |
|---|---|---|---|
| ४६ | जुनोटिक रोग सम्बन्धी अन्तरक्रिया कार्यकम | घुम्ती पशु स्वास्थ्य शिविर | |
| ४७ | बाखा तथा गाइ भैसी | जै घाँसको बीउ खरिद | |

५